जि.प्र.का.का.द.नं. ७५/२०८०/०६/१६

# सत्य र न्यायको खोजी अभियान

# A Quest for Truth and Justice

केन्द्रीय कार्यालय (Central Office)
नयाँ बानेश्वर, काठमाडौं, नेपाल ( New Baneshwor, Kathmandu, Nepal)
Contact: 9849451155, 9851070200, 9851060777, [redacted]
E-mail: lawman750@gmail.com, [redacted],

Letter No. ९५/०८२
Dispatch No.

श्री न्याय परिषद सचिवालय,

राम शाह पथ, काठमाण्डौ ।

उजुरकर्ताः सत्य र न्यायको खोजी अभियानका अध्यक्ष,

वरिष्ठ अधिवक्ता - ध्रुव लाल श्रेष्ठ

का.जि.का.म.न.पा. वडा नं. १०, नयाँ बानेश्वर,

सम्पर्कः ९८४९४५११५५

ईमेल : lawman750@gmail.com

उजुरीको शिर्षकः सि.जी. हिल्स नामक हाउजिंग कम्पनिलाई सरकारी सार्वजनिक जग्गा दर्ता गरिदिने प्रमुख जिल्ला अधिकारी र भूमिसुधार तथा मालपोत अधिकृत समेत बाट भएको कारवाही सदर गरी कानून, नजिर र न्यायको व्यवस्था, मर्म र सिद्धान्त विपरीत दुषित फैसला गर्ने उच्च अदालत पाटनका मा. न्या.हरु राजेन्द्र खरेल र किरण कुमार पोखरेल लाई कारवाही गरी न्यायालयको धर्म जोगाइ पाऊं।

म उजुरीकर्ता संविधानको धारा १५३ मा लेखिए अनुसार न्याय संपादनको नाममा न्यायाधीशहरुले कानूनी व्यवस्था, न्यायिक सिद्धान्त र निष्ठा विपरीत आदेश फैसला गरेमा त्यस्ता न्यायाधीशहरुलाई अनुशासन सम्बन्धी कारवाही र बर्खासी समेत हुन सक्ने संवैधानिक प्रवधानको व्यवहारिक प्रयोग समेत गरी सरकारी सार्वजनिक जग्गा उद्योगपति भनिने विनोद चौधरीको स्वामित्वमा रहेको सि. जि. हिल्स नामक हाउजिंग कम्पनिले प्रयोग गर्न पाउने गरी गैरकानूनी रुपमा आदेश फैसला गर्ने मा. न्यायाधीशहरुलाई कारवाही गरी सरकारी सार्वजनिक जग्गा सरकारकै नाममा कायम गर्ने/गराउने प्रयोजनार्थ निम्न व्यहोराको उजुरी साथ उपस्थित भएको छु:

(१) ल.पु. जि. साबिक सैंबु गा.वि.स. वडा नं ६ (ध) कि.नं ६५ को क्षे.फ. ४-११-१-२ (अदालतको आदेशमा लेखिए अनुसार हाल ५-२-०-० फिल्डबुकमा कायम रहेको) को जग्गा सरकारी सार्वजनिक जग्गा हो भन्ने सत्य तथ्य सरकारी स्रेस्ता फिल्डबुक समेतले नै प्रमाणित गरिरहेकै छ।

(२) सरकारी सार्वजनिक जग्गा अपचलन गरिएको स्थान - नेपालीहरुको पसिनाले संचित राज्यकोषबाट मन्त्रिहरुका लागि निर्माण गरिएको भैंसेपाटी स्थित नयां मन्त्रि निवास (म यस कार्यलाई राज्य कोषको

Scanned with CamScanner

दुरुपयोग नै भन्छु, किनकी देशमा वाल वच्चाहरु पढ्ने पाठशालाहरु, खेति किसानकालागि कुलो कुलेसाहरु, स्वास्थ उपचारको लागि स्वास्थ्य चौकि र अस्पतालहरु, खोला नदि माथी झुलुंगे र ठुला पुलहरु वनाउन राज्यकोष खर्चिनु पर्नेमा मन्त्रि निवास छंदा छंदै तिन्कै विलाशिताका लागी नयाँ निवासको निर्माण गरिनु भनेको सरकारले आफु देश र जनता प्रति अनुत्तरदायी र भ्रष्ट हुनुको परिचय दिनु नै हो भन्ने मान्यता राख्छु)पश्चिम दक्षिण भागमा चोभार गल्छिको पूर्व पट्टी पर्दछ।

३. विवादको पृष्ठभूमीः

(क) सि. जि. हिल्सको निजी प्रयोगकोलागी कि. नं. ६५ वाट वाटो वनाएर लगिएको जग्गा खण्ड लाई पहिलो नक्शा ट्रेसमा कि.न. १६८ देखाइएको छ , सोही नक्शा ट्रेस अनुसार हालको अवस्थामा रहेको पक्की पिच वाटो (थापा गाउं जलविनायक मार्ग) र उक्त पिच वाटो संग जोडिएर पूर्व पश्चिम लम्वाइमा फैलिएको झण्डै ३० मिटर चौडाइको कि. नं. ६५ को हाल कायम रहेको ५-२-० को सार्वजनिक जग्गासंग दक्षिण सिमानामा जोडिएको संगिता थापा को  साविक कि. नं. २१ को जग्गा छ। सि. जि. हिल्सले सार्वजनिक जग्गावाट वाटो लानु पूर्व संगिता थापाले मिति २०६३/०४/१४ गते खरिद गरेको कि. नं. २१ को जम्मा क्षे. फ ३-२-१ को जग्गालाई मिलिभगतमा ट्रायल चेकवाट ०-९-१ क्षे फ वढ गरी कि. नं २१ को साविक क्षे. फ. ३-२-१ लाई ३- ११- २ क्षे. फ. कायम गरेपछी मात्र मिलि भगतमै सो जग्गा मध्ये ०-८-२-१ साविक कि. नं. २१ वाट सि. जि. हिल्सका नाममा दर्ता कायम गरे । त्यस पछि परापूर्वकाल देखि रहेको वाटो हो भनि सि. जि. हिल्सकै स्वार्थ रक्षा गर्ने गरी मिलिभगतमै साविक कि. नं. ६५ को सरकारी सार्वजनिक जग्गावाट वाटो लाने दुरासयसाथ सि. जि. हिल्सलाई आफैले विक्री गरेको पहिलो व्लु प्रीन्टमा कायम रहेको कि. नं १६५ (जसलाई त्यसपछिको व्लु प्रीन्टमा कसरी हो कि. नं. ७९१ कायम गरिएको छ) क्षे. फ . ०८-२-१ को जग्गालाई वाटोकै रुपमा उल्लेख गरी कि. नं. ६५ देखी कि. नं १६५ सम्मको वाटोमा केही स्थानिय व्यक्तिहरुले वाधा गरेको हुंदा भन्ने झुठ्ठो कुरा उल्लेख गरी कि. मं. ६५ देखी १६५ सम्मका सवै जग्गालाई वाटो कायम गरिपाउन मा. पो. का. ल. प. लाई आदेश गरिपाउ भन्ने व्यहोराको संगिता थापाको निवेदन लाई तत्कालिन प्रमुख जिल्ला अधिकारी भगिरथ पाण्डेले अनधिकृत रुपमै ग्रहण गरी सोहि दिनमै मिति २०७६/०९/१४ मा भुमिसुधार तथा मालपोत कार्यालय, ललितपुरमा च. नं. ३४१४ को पत्रसंगै पठाएपछी मिति २०७६/०९/ १६ गते उठाइएको टिप्पणी सदर गरी भुमि सुधार तथा मालपोत कार्यालयका अधिकारी सुवोध खनालले नाम खुल्न नआएको तत्कालिन भुमिसुधार अधिकारी समेतको टिप्पणी सिफारिसमा संगिता थापाको निवेदन वमोजिम वाटो कायम गर्ने निर्णय गरी सरकारी / सार्वजनिक जग्गा सि. जि. हिल्सलाई वाटोको लागि प्रचलन गर्न दिइएको कार्यले मौजुदा कानूनहरुको पूर्णतः उपहास गरिएको छ, सरकार र सरकारी संयन्त्रहरु भू- माफिया र धनवान व्यक्तिहरुको निर्देशन र इशारामा चल्छन र चल्नु पर्छ भन्ने मान्यता स्थापित गरिएको छ।

(ख) अहिलेको अवस्थामा जलविनायक मार्गलाई उत्तर शिमा वनाई जोडिएको उल्लिखित कि. नं. ६५ को सरकारी / सार्वजनिक जग्गावाट वाटोको लागि कित्ता छुट्याई दिने लिने गैरकानूनी कार्य सरकारी

Scanned with CamScanner

निकायका भ्रष्ट पदाधिकारीहरु, सि.जि. हिल्स सम्वद्ध व्यक्ति र संगिता थापाहरुले साविक कि. नं ६५ को जग्गा मध्ये क्षे. फ. ०-३-३-२ जग्गा छुट्याई कि. नं. १६८ कायम गरेको नक्शा व्लु प्रीन्ट अनुसार कि.नं. ६५ र त्यसवाट वाटोको लागि भनि छुट्याइएको कि.नं. ६१ को क्षे.फ. ०-३-३-२ को जग्गा को उत्तर सिमाना जलविनायक मार्ग हुनु पर्नेमा सि. जि. हिल्स हाउजिंगको जग्गा कित्ताकाट हुंदा साविकको व्लु प्रीन्टमा भएको कि. नं. ६५ र सो वाट वाटो कायम गरिएको भनिएको कि. नं. ६१ को जग्गाहरु नै गायव हुने गरी अर्कै फिल्ड नक्शा (व्लु प्रीन्ट) देखाइएको र कि. नं ६५ र ६१ को समग्र जग्गाको ठाउंमा कैफिंयतपूर्ण तवरले साविकको कि.नं. ६८ को जल विनायक मार्गलाई कि.नं. ४६३ वनाएको देखाई कि.नं. ६५ को सरकारी/सार्वजनिक जग्गा को ठाउंमा देखाइएको छ र कि.नं. ६५ को सरकारी/सार्वजनिक जग्गा नै नक्शावाट गायव गरिएको छ ।

(ग) सरकारी जग्गा आफ्नो व्यापारिक प्रयोजनमा ल्याउने सि.जि. हिल्सको लुच्याईमा धन, सम्पत्ती, राजनीतिक प्रभाव, र दवावमा फाइदामन्द भएर लाग्ने वडाध्क्ष, भुमीसुधार तथा मालपोत कार्यालयका हाकिम र कर्मचारीहरु, कि.नं. ६५ को सवै जग्गाहरु सार्वजनिक वाटो नै वनाइदिएपछी सोही जग्गा मध्येको टुक्रा जग्गालाई जालसाजपूर्ण ढंगले वाटो नै वनाएर लगेको विषयको विवाद नै उठन नसक्ने दुषित,भ्रष्ट योजना वनाउन लगाउने अभिष्ट पुरा गर्ने हेतु उच्च अदालतमा मुद्दा दायर गरी सवै जगागाहरु वाटो कायम हुन नसकेपनि कि.नं. ६१ क्षे.फ. ०-३-३-२ को जग्गा भने सार्वजनिक वाटो नै हो भन्ने फैसला गराएर अपचलनमा ल्याइएको सरकारी जग्गालाई अकण्टक रुपमा विनोद चौधरीको सि. जि. हिल्स हाउजिंग कम्पनिले प्रयोगमा ल्याउन सक्ने, प्रयोग गर्न सक्ने कानूनी तकडम गरेर मुद्दा दायर गरी सोही अनुरुप आदेश फैसला समेत गर्ने गराउने भ्रष्ट वकिल न्यायाधीश र पक्षकारहरुलाइ समेत अनुसन्धानको दायरामा ल्याई कारवाही गरिनु पर्नेमा अख्तियारमा परेको उजुरीमा समेत उल्लिखित दुषित कुकार्यलाइ समर्थन गरी विवादमा देखाइएको जग्गा सि.जि. हिल्सको नाममा दर्ता कायम रहेको नदेखिई सरकारकै नाममा सार्वजनिक वाटोको रुपमा दर्ता कायम रहेको देखिने भाव प्रतित हुने कुराहरु उल्लेख गर्दै मुद्दा नं. ०६७-W0-०४६८ को मुद्दालाई आधारवनाइ तामेलीमा राखि मद्दाको लगत कट्टा गर्ने समेतको निर्णय अख्तियारले गरेको अवस्थाले अख्तियार समेत अनुचित प्रभावमा परी कानून निर्दिष्ट कारवाही गर्नवाट चुकेको स्पष्ट देखिन्छ। पैसा र राजनीतिक शक्तिको दुरुपयोगमा जुन मुद्दाको आदेश विरुद्ध न्यायापरिषदमा यो उजुरी निवेदन गरिएको छ, सो मुद्दा पूर्व नै लेखिए अनुसारको मुद्दाहरु दुषित ढंगले दर्ता गर्न लगाउने, सोही मुताविक आदेश फैसल गर्ने, र अख्तियार पनि त्यसैको मतियार हुने जस्ता राज्यको संपत्ति भु-माफियाहरुलाइ सुम्पने देश द्रोही कुकार्य भै सकेपछि पनि सार्वजनिक सरोकारको विषय वनाइ दायर गरिएको मुद्दामा तिनै गलत , गैरकानूनी र भ्रष्टाचारको उपमाको रुपमा रहेको घामको उज्यालो जस्तै छर्लंग वदमासी भएको विषयलाइ समेत आधार वनाएर प्रचलनमा रहेका संविधान,कानून, नजिर सिद्धान्त, न्यायिक आचरण, निष्ठा र धर्मलाई मिचेर अनुचित प्रभावमा परी भौतिक निरक्षण गर्दा निरिक्षकलाई मात्र होइनकी त्याहां आउ जाउ गर्ने जो कोही पनि सर्वसाधारणहरुलाई समेत लाजै लाग्नेगरी भू-माफियाको पक्षपोषण गरी राज्यको सम्पत्ति दोहन

CS Scanned with CamScanner

गरिएको कुकार्यको पक्षमा कानूनर न्यायिक व्यवस्था अनि धर्मको उपेक्षा गरेर न्यायाधीशहरुवाट आदेश भएको दुरुह अवस्था छ।

४. सरकारी वा सार्वजनिक जग्गा संरक्षण , दर्ता वा प्रयोग सम्वन्धमा व्यवस्थित कानूनहरु :

४.१ - संविधानको धारा ४८(घ) - सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु नागरिकको कर्तव्य हुने।

४.२- मालपोत ऐन, २०३४ को दफा २४ अनुसार सरकारी वा सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता भएकोमा वा अन्यथा भएकोमा पुनः सरकारकै नाममा दर्ता गर्नु पर्ने ।

४.३- मुलुकी देवानी संहिता २०७४ को दफा ३०४(१)(२) र (३)को व्यवस्थानुसार नेपाल सरकार, सार्वजनिक संस्था वा समुदायले आफ्नो हक भोग जिम्मा वा अधिनमा रहेको सार्वजनिक वा सामुदायिक सम्पत्तिको संरक्षण आफैले गर्नु पर्ने, सरकारी तथा सार्वजनिक समेपत्तिको संरक्षण गर्ने दायित्व जिल्ला प्रशासन र स्थानिय निकायको हुने भनिएको छ । त्यसरी नै सामुदायिक सम्पत्तिको संरक्षण पनि सम्वन्धित समुदाय तथा स्थानीय निकायको हुने सम्वन्धी व्यवस्था यो दफाले गरेको छ। यस अतिरिक्त दफा ३०५ ले सरकारी, सार्वजनिक वा सामुदायिक सम्पत्ती कसैले पनि आफ्नो नाममा दर्ता गर्न नहुने भनेको छ भने दफा ३०६ ले सरकारी, सार्वजनिक, सामुदायिक जग्गा वा आवाद समेत गर्न नहुने व्यवस्था गरेको छ ।

४.५ - सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलव्ध गराउने सम्वन्धी नेपाल सरकारको कार्यनीति, २०७९ को दफा ४ मा सरकारी जग्गा उपयोग गर्न दिन सकिने सम्वन्धी व्यवस्था छ, जस अन्तर्गत कुनै सरकारी निकायलाइ नै पनि सरकारी जग्गा आवश्यक भएमा नेपाल सरकारको निकाय, प्रदेश सरकार र स्थानीय तहको निकायलाई पृथक कार्यालयमा सिफारिस सहित लेखि पठाउनु पर्ने प्रकृयागत कुराहरुको किटानि उल्लेख गरिएको छ ।ऐ. दफा ४(८) ले उपदफा (७) वमोजिम स्वीकृतिका लागि पेश हुन आएमा नेपाल सरकार मन्त्रिपरिषदले प्रदेश सरकार ,स्थानीय तह वा सो अन्तर्गतका सरकारी निकायलाई सहकारी जग्गा उपयोग गर्ने स्वीकृति दिन सक्ने व्यवस्था गरेको छ र यसरी स्वीकृति दिइएको जानकारी मन्त्रालयले विभाग मार्फत सम्वन्धित कार्यालयलाई दिनुपर्ने भन्ने वाध्यात्मक व्यवस्था ऐ. दफा ४(९) ले गरेको छ, जुन व्यवस्था वाहेकको अन्य अवस्था वा प्रकृयावाट कुनैपनि हालतमा सारकारी वा सार्वजनिक जग्गा लाई कुनैपनि प्रयोजनार्थ दर्ता गर्ने, वाटो कायम गर्ने वा कुनै व्यापारिक प्रयोजनका लागि उपलव्ध गराइन नसकिने तथ्य कानूनी हो ।

५. सरकारी/सार्वजनिक जग्गा अतिक्रमण गर्न नहुने, दर्ता गराई वा जे जस्तो प्रकृतिवाट भोग चलन गरेको भएपनि त्यस्ले मान्यता प्राप्त गर्न नसक्ने समेतका ने.का.प. २०६१, अंक १०, नि. नं. ७५४८, सर्वोच्च अदालत वुलेटिन, २०६६ भदौ , पूर्णांक ४११, ने.का.प. २०७८, अंक -१ नि.नं १०६२५ मा प्रतिपादित नजिर सिद्धान्तहरु ।

Scanned with CamScanner

६. उल्लिखित सरकारी/सार्वजनिक जग्गावाट सि.जि. हिल्स नामक हाउजिंग कम्पनिलाई आवत जावत गर्ने गरी वाटो कित्ता काट गरी लुच्याईपूर्ण तरिकाले सार्वजनिक वाटो नै कायम गरेको देखाई कौडिको भाउमा किनिएको वाटो नभएको जग्गालाई हाउजिंग व्यवसाय चलाउने गरी वाटो दिइए विरूद्ध साविक सैंवु भैंसेपाटीको हाल परिवर्तित ल.पु.न.पा. वडा.नं. १८ वस्ने सुरेश थापा समेतले जिल्ला प्रशासन कार्यालय समेत विरुद्ध दायर गरेको उत्प्रेषण परमादेश समेतको रिट निवेदनमा सम्मानित उच्च अदालत पाटन का मा.न्या. हरु श्री राजेन्द्र खरेल र श्री किरण कुमार पोखरेलले सि.जि. हिल्सको पक्ष पोषण हुने गरी गरेको आदेशको मिसलका साथै निजहरुलाई समेत झिकाई फेरी पनि सरकारी जग्गाहरु अपचलन भएका मुद्दाहरुमा भू- माफियाहरुकै प्रभाव र समर्थनमा राज्य दोहन हुने खालका आदेश फैसलाहरु हुन, गर्न, नदिने, नपाउने गरी रोक लगाउने प्रयोजनार्थ समेत न्यायपरिषदमै हाजिर गराई उजुरीको टुंगो नलाग्दा सम्म अन्य मुद्दाहरु हेर्न समेत नदिने गरी अनुसन्धान गरी हदै सम्मको कारवाही समेत गरी न्यायपरिषद माथि जनस्तरवाट र हामिवाट समेत उठाइएका यस्को कार्य सम्पादन सम्वन्धी विवादहरुको समेत यथोचित निदान गर्दै उच्च अदालत पाटनका मा. न्या.हरु राजेन्द्र खरेल र किरण कुमार पोखरेललाई हदै सम्मको कारवाही गरी सरकारी सार्वजनिक जग्गा सरकारकै नाममा फिर्ता ल्याउन र संविधान, कानून, स्थापित नजिर सिद्धान्त मिची कानून र न्याय क्षेत्रकै वदनाम हुने गरी पदीय हैशियतको दुरुपयोग उप्रान्त अन्य न्यायाधीशहरुले गर्न नसकुन भन्ने कुराको उदाहरणीय निर्णय गरेर न्याय परिषदले आफ्नो औचित्यता समेत पुष्टी गरोस भन्नाको खातिर सत्य र न्यायको खोजी अभियानको तर्फवाट यो उजुरी दायर गरिएको छ। उजुरीमा लेखिएका भ्रष्ट न्यायाधीशहरु माथी अविलम्व कारवाही गरियोस् ।

७. संलग्न कागज प्रमाणहरुः

(क) निवेदकको परिचयपत्रको प्रतिलिपी

(ख) उच्च अदालत पाटनको मिति २०८०/०९/०५ मा प्रमाणिकरण भएको आदेशको प्रतिलिपी

(ग) विद्युतीय माध्यमवाट प्राप्त सि.जि. हिल्सले प्रयोग गरेको सरकारी सार्वजनिक जग्गा र घरहरको स्याटलाइट फोटो नक्साको प्रतिलिपी

(घ) विवादित जग्गाको अवस्था देखिने सुरुको नापी कार्यालयको नक्सा व्लु प्रिन्ट प्रतिलिपी

(ङ) विवादित जग्गाको परिवर्तित अवस्था देखिने नापि कार्यालयको पछिल्लो नक्सा व्लु प्रिन्ट

(च) संगिता थापाको निवेदन अनुसार नापी र मा.पो.का. ले गरेको कार्वाही निर्णयहरु र सम्बद्ध फिल्ड बुक कागजातहरु

८. लेखिएको व्यहोरा ठिक छ नभए कानून वमोजिम भोग्न तयार छु ।

उजुरी निवेदक

वरिष्ठ अधिवक्ता ध्रुव लाल श्रेष्ठ

मिति : २०८२/०३/१३

Scanned with CamScanner